कीर्तिपुरको चित्रण

कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष १ अंक २६ | ने. सं. ११३२ सिल्लाथ्व दुतिया बुधवाः | २०६८ माघ ११ गते बुधवार (Jan - 25, 2012) | मुल्य : ५/- (न्यातका)

कीर्तिपुर नगरपालिकाको नयाँ बजेट कस्तो छ ?

नपाको आफ्नै भवन नयाँ बजारमा रहेको कान्जि हाउसको जमिनमा बनाउने

कीर्तिपुर सन्देश /

'सांस्कृतिक र प्राकृतिक सम्पदायुक्त शैक्षिक एवं पर्यटकीय शहर, स्वच्छ र समावेशीय तथा समुन्नत कीर्तिपुर नगर' भन्ने नाराका साथ गत पौष २८ गते उदघाटन कार्यक्रममै स्थगित भएको कीर्तिपुर नगरपालिकाको १७ औं नगरपरिषद भाली पल्त पौष २९ गते विहान ८.३० बजे नगरपालिका भवनमा कार्यकारी प्रमुख तथा कर्मचारीहरू मात्र बसेर समपन्न गऱ्यो।

स्थानीय निकायमा दलिय संयन्त्रको सहभागिताको खारेज गरिसकेको भएपनि आफ्नो हालीमुहाली कायम गर्न अरू राजनीतिक दल र राजनीतिक मोर्चाको अस्तित्व नस्विकारेको अवस्थामा निकै वाद विवाद पछि केवल उद्घाटनमा सिमित १७ औं नगर परिषद कार्यकारी अधिकार प्राप्त कार्यकारी अधिकृत रामलाल श्रेष्ठले आफूमा निहित अधिकारलाई प्रयोग गर्दै कीर्तिपुर नगरपालिका भवनमा नै नगर पालिकाकाका कर्मचारीहरू बसी बजेट पारित गरेको थियो।

कीर्तिपुर नगर परिषद्ले तयर गर को नयाँ बजेतको आय/व्यय निम्न वमोजिम छन्।

कीर्तिपुर नगरपालिकाको उक्त नगर परिषदले आ.व. २०६९/०७० को लागि प्रस्तावित व्यय अनुमान १३ करोड ९ लाख ८५ हजार रुपैयाँ पारित गरेको छ। यसपालीको बजेट गत वर्षभन्दा मात्र ७ प्रतिशतले बढी रहेको छ।

(क) प्रशासनिक तथा कार्यालय संचालन – रु.२ करोड ४७ लाख ३० हजार छुट्याइएको छ।
(ख) कीर्तिपुर नगरको सरसफाई तथा फोहोर मैला व्यवस्थापन – रु. २५ लाख (पच्चिस लाख) छुट्याइएको छ।
(ग) दमकल तथा एम्बुलेन्स सञ्चालन खर्च – रु.५ लाख

२. सामाजिक सुरक्षा कार्यक्रम रु. एक करोड

३. पूँजिगत योजना तथा कार्यक्रम – रु.९ करोड ३२ लाख ५५ हजार

कूल १३ करोड ९ लाख ८५ लाख छुट्याइएको छ। जो विगतकोभन्दा ७ प्रतिशत बढी हो।

त्यस्तै अनुमानित आय यस प्रकार छन
(क) आन्तरिक आय – रु ४ करोड ६ लाख २१ हजार
(ख) बाह्य आय – रु.७ करोड ३ लाख १३ हजार
(ग) मौज्दात – रु.२ करोड ५१ हजार
जम्मा रु.१३०९८५०००/-

यस पालीको बजेटमा नगर पालिकाले आफ्नै भवन बनाउने योजना पनि पारित गरेको छ। कीर्तिपुर नगर पालिका वडा नं.३ स्थित मंगल स्कुलको तल पहिले काञ्जि हाउस परिसरमा नगर पालिकाको आफ्नै कार्यालय भवन निर्माणको लागि वजेट विनियोजन गर्न शान्ति तथा पुननिर्माण मन्त्रालयबाट ५० लाख स्विकृत भइसकेको छ। सो भवन बनाउन यसै सालबाट सुरु गर्ने योजना रहेको छ।

यसपालीको बजेटको विशेषता कीर्तिपुर लाई पर्यटकीय नगर बनाउने रहेको छ। जसको पूर्वाधार तयार गर्न रु.५ लाख विनियोजन गरिएको छ।

बजेटको बाँडफाँड यसरी गरेको छ।

१.लक्षित समूह कार्यक्रम :
क) महिलालाई प्रत्यक्ष फाइदा पुग्ने आयोजनाहरू ५०,८५,०००/
ख) बालबालिकाहरूलाई प्रत्यक्ष फाइदा पुग्ने आयोजनाहरू रु.५०,८५,०००/
ग) आर्थिक तथा सामाजिक रुपमा पछि परेका विपन्न वर्गहरूले प्रत्यक्ष फाइदा पाउने आयोजनाहरु : रु.७६,२७,५००/

२. समपुरक कोषबाट संचालित आयोजनाहरू : रु. १,५५,३०,०००/

३. आर्थिक, सामाजिक एवं भौतिक पूर्वाधार विकास कार्यक्रम : रु.१,३२,२२,५००/

४. प्रवर्द्धनात्मक क्षेत्र : १,३२,२२,५००/

आ.व.२०६८/०६९ को बजेटबाट यी माथि उल्लेखित शिर्षकहरूमा एउटा काम भएको छैन। एक वर्ष पछिको बजेट सार्वजनिक भैसकेको छ। यो पनि बजेटमै सिमित हुने हो कि ?

कीर्तिपुर सन्देश भित्र

कीर्तिपुरमा भूकम्पीय सुरक्षा पदयात्रा पेज २.....

अझै लास बुझेनन् घटना झन झन रहस्यमय पेज ८....

दर्शन मोविकेयरमा

मोबाइल मात्र होइन अब ब्रान्डेड इलेक्ट्रोनिक्स सामान पनि उपलब्ध छ

Grand Concept Electronic Showroom
Narayan Gopal Chowk, Maharjgunj-3

Opening discount 15%

कीर्तिपुरवासीहरूको लागि थप 3% छुट

हाम्रा सुविधाहरू :
Home delivery service
0% finance को सुविधा (दर्शन बचत तथा ऋण सहकारी संस्था लि. बाट)

हामीसंग भएका ब्रान्डेड

TOSHIBA | Godrej | Kelivinator. | ONIDA | RICO

यी सबै BRAND का फ्रिज, Washing machine OVEN, CRT T.V, LCD, Mixer, Rice cooker आदि घरका लागि चाहिने सबै सामान उपलब्ध छ।

For more contact
दर्शन मोबिकेयर प्रा.लि.
नयाँबजार-३ फो.नं. ४३३६७७६

स्वयम्भू क्याटरिङ एण्ड टेण्ट सर्भिस
कीर्तिपुर, नयाँबजार

फूल क्याटरिङ, हाफ क्याटरिङ, शुभविवाह, ब्रतबन्ध, पिकनिक, अफिसियल पार्टी, लञ्च बक्स र जेनेटर समेत

तपाईको सन्तुष्टि हाम्रो चाहाना

स्वयम्भूरत्न बज्राचार्य
Mobile 9841302310, 4330264

पद्मकाष्ठपुरी डेपार्टमेन्टल स्टोर

लोकतान्त्रिक चोक मंगल दोवाटो

9848555555

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशकः
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
फोटो पत्रकार
नविन जोशी
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७, ९८४१४०१०७७
kirtipur_sandesh@live.com
काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

;DkfbsLo

राज्य पुनर्सरचना आयोगको सुझाव कहाँ लाने ?

नयाँ संविधानको राज्य पुनर्सरचनाको सवालमा देशमा प्रमुख राजनीतिक दलका शीर्ष नेताहरु राज्यद्वारा बहिस्करणमा पारिएका र आदिवासी जनजातिहरुको हक अधिकारका लागि एकमत हन सकिरहेको छैन त्यसै गरी राजनीतिक दलका नेताहरुले बुद्धिजीवी भनी सिफारिस गरे अनुसार वर्तमान सरकारले गठन गरेको राज्य पुनर्सरचना सुझाव आयोगका सदस्यहरु पनि एक मत हुन सकेको छैन । झन संविधानसभाको राज्य पुनर्सरचना तथा राज्यशक्ति बाँडफाँट समितिले तयार गरेको १४ प्रदेशको प्रस्तावमा समेत प्रभावीत पार्ने गरि जम्मा ११ वटा प्रदेशको प्रस्ताव बहुमतले पारित गर्‍यो भनी समाचार आएको छ । सो समाचारलाई लिएर शेर्पा समुदायले राज्य पुनर्सरचना अयोगका सदस्यहरुको पुत्ला समेत दहन गरेको छ ।

संविधानसभाको राज्य पुनर्सरचना तथा राज्य शक्ति बाँडफाँट समितिले पारित गरेको १४ प्रदेशहरू मध्ये राज्य पुनर्सरचना आयोगले शेर्पा प्रदेश, जडान प्रदेश र सुनकोशी प्रदेशलाई निकाली जम्मा ११ प्रदेशमा मात्र सिमित गरियो भनी आक्रोशित बनेका शेर्पा समुदाय संघर्षमा समेत उत्रेका छन् । त्यसैले दलका नेताहरुको छायाँका रूपमा आयोगका सदस्यहरुले काम गर्न थाले भनी आलोचना गर्नु पनि स्वाभाविकै हो । त्यति मात्रै नभई दलका शीर्ष नेताहरु आयोगको सुझावलाई सिधै संविधानसभामा लाने की संविधानसभाको राज्य पुनर्सरचना तथा राज्यशक्ति बाँडफाँट समितिमा लाने भन्ने विषयमा अहिले सम्म पनि एकमत हुन सकेको अवस्था छैन ।

यदि राज्य पुनर्सरचना समितिमा नलगीकन संविधानसभामा सिधै लगियो भने राज्य पुनर्सरचना समितिलाई अपमान गरेको र जनप्रतिनिधिहरु भन्दा पनि नियुक्ति गरेकाहरुको महत्व रहने अवस्था देखिने छ । जनप्रतिनिधिभन्दा पनि नियुक्ति भएकाहरुको अधिकार बढि भएको जस्तो देखिनेछ । सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको अधिकारलाई दलका नेताहरुले व्यवहारमा लागू नगरेको जनताले महसूस गर्ने अवस्था आउँछ । अतः आयोगले जे जस्तो सुझाव ल्याएतापनि संविधानसभाको राज्य पुनर्सरचना तथा राज्य शक्ति बाँडफाँट समितिमा नै लाने बुद्धिमतापूर्ण हुने कुरा स्वयं नेताहरुले बुझ्नु जरूरी रहेको छ ।

नेवाः स्वायत्त राज्य मंकाः परिषद किपू

पञ्चलाल महर्जन

मुलुक यतिखेर शान्ति पक्रियालाई तार्किक निश्कर्षमा पुऱ्याउने र आर्थिक सामाजिक र सांस्कृतिक मुद्दालाई संवोधन गर्ने नयाँ संविधान निर्माणको ऐतिहासिक महान प्रक्रियामा छ। नेपाली जनताको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणका लागि वर्गिय जातीय क्षेत्रिय र लिङ्गिय उत्पीडनका विरुद्ध १० वर्षसम्म चलेको जनयुद्धले उठाएका विभिन्न मुद्दाहरू आज चर्को बहशमा छ । सेना समायोजन लगायतका शान्ति प्रक्रियाका महत्वपूर्ण एजेण्डाहरू सहमति निकट पुगेको छ भने संविधानभित्र समावेश गरिने राज्यको संरचना, शासकिय स्वरुप र निर्वाचन प्रणाली लगायतका विषयमा स्पष्ट सहमति बनिसकेको छैन। यद्यपी अन्तरिम संविधानले संघीयता, धर्म निरपेक्षता र गणतन्त्रलाई स्विकार गरि सकेको र संविधान सभाको राज्य पुनर्संरचना समितिले उपत्यकालाई नेवाः स्वायत्त प्रदेश सहितको १४ प्रदेशको प्रस्तावलाई पारित गरिएको सन्दर्भमा नेवाः स्वायत्त राज्यको पूर्व अभ्यास, तयारी र संरचना निर्माणको लागि राजनैतिक रुपले सबैभन्दा सचेत भेग कीर्तिपुरबाट शुरुवात गर्नको लागि नेवाः स्वायत्त राज्य मंकाः परिषद कीर्तिपुर् स्थापना भएको हो । कीर्तिपुर क्षेत्रका क्रियाशील संघियता र जातिय स्वशासनका पक्षधर राजनैतिक पार्टीका प्रतिनिधि सम्मिलित भएर परिषदको गठन भएको हो। हाल एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस, नेकपा एमाले, नेपाः राष्ट्रिय पार्टी, ज्यापु महागुथि कीर्तिपुर, नेवाः देय् गुथि नेपालमण्डल, नेवाः देय् दबू, नेवाः जागरण मञ्च, लगायतका संगठनहरू समावेश भई परिषदको गठन भएको छ। नेवाः स्वायत्त राज्य स्थापनाको लागि संघर्ष गर्दै स्वायत्त राज्यको पुर्व अभ्यास गर्ने मुख्य उदेश्यले नेवाः स्वायत्त राज्य मंकाः परिषद गठन भएको हो ।

ऐतिहासिक पृष्ठभूमि

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालभित्र नेवाः स्वायत्त राज्यको निमित कीर्तिपुरमा नेवाः स्वशासन पक्षधर संघ, संस्था र विभिन्न राजनैतिक पार्टीका कार्यकर्ताहरू विच २०६५ पौष २४ गते भएको व्यापक छलफलबाट नेवाः स्वायत्त राज्यको लागि कीर्तिपुरभित्र अभियान चलाउने उद्देश्यले सुरुमा नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समिति कीर्तिपुर समन्वय समिति गठन भएको हो । समन्वय समितिको संयोजकमा वीर प्रसाद भंन्सारीको संयोजकत्वमा गठन भएको यस समितिले टोल टोलमा नेवाः स्वायत्त राज्यको लागि विभिन्न कार्यक्रहरू गर्दै नेवाः स्वायत्त राज्यका पक्षधरहरुलाई एकै ठाउँमा गोलबद्ध गर्न सफल भयो ।

नेवाः स्वायत्त राज्य पक्षधर अगुवा नेताहरू मल्ल के.सुन्दर, सानुराजा शाक्य, दिलिप महर्जन लगायतका नेताहरूको उपस्थितिमा भएको वृहत भेलाले २०६६ जेष्ठ १५ गते नेवाः स्वायत्त राज्य मंका संघर्ष समितिले नेवाः स्वायत्त राज्य मंकाः परिषदको रूप लियो । संघर्ष समितिलाई परिषदमा रुपान्तरणसँगै कीर्तिपुर क्षेत्रका सम्पूर्ण सरकारी निकायमा हस्तक्षेप गर्दै स्वायत्त राज्यको अभ्यासको लागि विभिन्न गतिविधि गर्दै आएको छ । विशेष परिषद गठन लगत्तै नगरपालिकामा स्वायत्त राज्यको अवधारणा अनुरुपमा नगरपालिकाको बजेट तथा योजनाहरू नगरपरिषदबाट पारित गर्नु पर्ने र नगर पालिकाको तत्कालीन सर्वदलिय संयन्त्रमा प्रतिनिधित्व गरिनु पर्ने लगायतका मांग राखी नगरपालिकामा ज्ञापन पत्र बुझाउने लगायतका कार्यहरू गर्दै आएको छ ।

स्वायत्त राज्यको पूर्व अभ्यास/ संघर्ष

यस मंकाः परिषद गठन लगत्तै नयाँ संविधानमा नेवाः स्वायत्त राज्यको सुनिश्चितताको लागि संविधान सभा घेराउ, उपत्यका बन्द, मशाल जुलुस, धर्ना, अन्तरक्रिया, सभा लगायतका विभिन्न गतिविधि गर्दै आएको छ । कीर्तिपुरका जनतासँग प्रत्यक्ष सरोकार राख्ने विकास निर्माण/आर्थिक/ सामाजिक/ सांस्कृतिक पक्षमा मंकाः परिषदले भुमिका निभाउँदै लग्यो । दलहरूको समझदारी र सहमतिको अभावका कारण कीर्तिपुरका जनताहरू हरेक सम्भावनाबाट वंचित हुन पुगेको तितो यथार्थलाई न्यून पार्न मंकाः परिषदले भूमिका खेल्यो । अघिल्ला २ वर्षको नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा कीर्तिपुर क्षेत्रका प्राज्ञ, बुद्धिजीवी नागरिक अगुवासंग वृहत अन्तर्क्रिया गरी नगरपालिकाको बजेट स्वायत्त राज्यको अवधारणा बमोजिम यस्तो हुनुपर्छ भनि आफ्नो धारणा नगर पालिका समक्ष राख्दै सो अनुरुप गर्न मंका परिषदले भुमिका खेल्दै आएको छ। यससँगै कीर्तिपुरका जनताहरूको रोजी रोटीसँग सम्बन्धित ५४ वर्ष अघिदेखि थाँती रहेको त्रि.वि. र कीर्तिपुरे जनता विचको विवादलाई माथिल्लो ऊचाईमा पुऱ्याउन सफल भयो र केही सफलता समेत हात लागेको स्थिति छ । त्यस्तै कीर्तिपुर वासीले करीव ५२ रोपनी जमिन उपलब्ध गराएर स्थापना भएको फक्ट नेपालद्वारा संचालित मोडेल अस्पतालमा कीर्तिपुरवासीलाई रोजगारीमा अग्राधिकार र सेवामा सुविधा लगायतका विषयमा निरन्तर आवाज उठाउँदै आएको छ। यस सँगै जनताका प्रत्यक्ष सरोकार राख्ने खानेपालनी, ढल, सडक लगायतका निर्माण कार्यमा हुन सक्ने सम्भावित अनियमिततालाई न्यूनिकरण गर्न अनुगमन समिति समेत गठन गरी अनुगमन गर्दै आएको छ ।

कीर्तिपुरमा भूकम्पीय सुरक्षा पदयात्रा

कीर्तिपुर सन्देश/

वि.सं.१९९० साल माघ २ गतेका दिन नेपाली जनमानसले ब्यहोर्नु परेको अकल्पनीय दुःखको स्मरण गर्दै र त्यस भुकम्पले नेपालको तत्कालीन सामाजिक, आर्थिक र भौतिक स्थितिमा ठूलो प्रभाव पारेकोबारे सबैलाई अवगत नै होला । भूकम्पको जोखिमबाट नेपाल लगायत यस क्षेत्रका राष्ट्रहरू मुक्त छैन ।

भूकम्पलाई रोक्न नसकिए पनि बेलैमा सचेत भई पूर्वतयारी गरिएमा भूकम्पबाट हुन सक्ने अपार जन धनको क्षतिलाई धेरै हदसम्म घटाउन सकिन्छ भन्ने तथ्यलाई विकसित राष्ट्रहरूले प्रमाणित गरिसकेका छन। त्यसैले भूकम्प प्रति सचेत रहनु नै भूकम्पबाट हुने क्षतिबाट जोगिनु हो । यसै यथार्थलाई दृष्टिगत गरी नेपाल सरकारले वि.सं. २०५५ देखि प्रत्येक वर्षको माघ २ गतेका दिनलाई 'भूकम्प सुरक्षा दिवस' घोषणा गरी विभिन्न जनचेतना मूलक कार्यक्रमका साथ मनाउने गरेको छ । यसै सन्दर्भमा १४ औं भूकम्प सुरक्षा दिवस २०६८ को अवसरमा जनसमुदायमा भूकम्पीय सुरक्षा सम्बन्धी जनचेतना फैलाउने अझ बढी सहयोग मिल्ने उद्देश्य राखि भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालको सहयोगमा कीर्तिपुर नगर पालिकाको आयोजनामा यही २०६८ माघ ७ गते शनिवारका दिन कीर्तिपुरमा भूकम्पीय सुरक्षा पदयात्रा (Earthquake Safety walkthon) कार्यक्रम सम्पन्न भयो ।

कीर्तिपुर नयाँबजारस्थित बास्केटवल कोर्टमा भेला भइ पर्यटन राज्यमन्त्री दिलिप महर्जनले रिबन काटी राष्ट्रिय धावक बैकुण्ठ मानन्धरलाई झण्डा हस्तान्तरण गर्नु भै पदयात्रा शुभारम्भ गर्नु भएको थियो। पाँगा बाट नगाउँ हुँदै कीर्तिपुरको पुरानो वस्ती घुम्दै बास्केटबल कोर्टमै आइ पदयात्रा समाप्त भएको थियो । पदयात्रामा सहभागी मध्ये गोलाप्रथाद्वारा १० जनालाई उपहार प्रदान गरिएको थियो ।

हार्दिक श्रद्धाञ्जली

जन्मः
वि. सं. १९७६/०४/१३
(ने. सं. १०४०)



मृत्युः
वि. सं. २०६८/०९/ २७
(ने. सं. ११३२)

स्व. जोगमाया महर्जन

हाम्रा अतिमिलनसार आत्मीय मित्र श्री बाबुकृष्ण महर्जनका ममतामयी माता जोगमाया महर्जनको आकस्मिक निधन भएकोमा गहिरो दुःख व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

साथीहरू

अशोक महर्जन -३
नरेन्द्र महर्जन (NRD) -१
विजय महर्जन -३
राजेन्द्र महर्जन-४
गोपाल बहादुर महर्जन- १७
रुद्र वहादुर प्रधा -१
नन्द भाइ महर्जन-२
हरिशरण महर्जन-१
बालकृष्ण महर्जन -५

जितेन्द्र महर्जन -१
इन्द्रमान महर्जन -३
मदन वहादुर महर्जन-१
कविर महर्जन -१
अशोकमुनी बज्राचार्य -१७
बुद्धिवहादुर माली-३
शिव प्रसाद श्रेष्ठ-३
लक्ष्मी वहादुर महर्जन -५
दिलावत महर्जन -१७
फुर्सत महर्जन -५
लक्ष्मी कुमार महर्जन -३

कबिन्द्र महर्जन -१
बुद्ध महर्जन -१
गणेश महर्जन -१
गणेश (केश) महर्जन- १६
लक्ष्मी बहादुर महर्जन-१
राजेश्वर महर्जन-१
रमेश महर्जन -१
रमेश महर्जन- १७
हिराबाबु महर्जन-१
वीरेन्द्र शाक्य -४
नारायण महर्जन-३

प्रकाश महर्जन -३
ओम प्रकाश महर्जन-३
लक्ष्मी वहादुर महर्जन -२
जितलाल(J.L) महर्जन-१७
महेन्द्र महर्जन -१७
भिम वहादुर महर्जन -१
राम जयन्ती महर्जन -१७
रामहरि खनाल -६

नेपाली भाषाको माध्यमबाट नेपालभाषा सिकौं

नेपालभाषा — नेपाली भाषा

छि म्हं मफु ला कि छु ? –
तपाईंलाई सन्चो छैन कि कसो
जि म्ह सुख मदु -
मलाई सन्चो छैन।
छित छु जुल ? –
तपाईंलाई के भयो ?
जित कपाः स्यानाच्वन –
मलाई टाउको दुखिरहेको छ।
जित सेखं ज्वर नं वयाच्वंगु दु
– मलाई रुघाज्वरो पनि लागेको छ।
थ्व मौसम हिलाच्वंगु कारणं जूगु खः –
यो हावापानीको हेरफेरबाट भएको हो।
अथे खःसा जिं आः छु यायेगु ले? –
त्यसो भए म के गरुं ?
धन्दा कया दी म्वाः मेगु छुं जूगु दु कि ? –
धन्दा लिनु पर्दैन अरु केही भएको छ कि ?
थन डाक्टर गन दु ? –
यहाँ डाक्टर कहाँ छ ?
थन अस्पताल गन दु ? –
यहाँ अस्पताल कहाँ छ ?
वासः भपिया दिसँ –
औषधी खानुहोला।
जित पित्याः मजू –
मलाई भोक लाग्दैन।
क्वालः भपिया दिसँ –
तातो पानी पिउनुहोस्।
वासः गथे याना नयेगु ?–
औषधी कसरी खाने ?
न्हिं स्वकः भपिया दिसँ –
दिनको तीनचोटि लिनुहोस्।
जन नये न्हयं जा नये धुंका–
खाना अघि र खाना पछि
पूरा आराम कयादिसँ –
पूर्ण आराम लिनुहोस –
जिं छु छु नयेज्यू ? –
मैले के के खानु हुन्छ ?
ला नं नये ज्यू ला ?
मासु पनि खानु हुन्छ ?

सातौं रा कप अन्तरस्कुल वास्केटबल प्रतियोगिता सम्पन्न

नवीन महर्जन

राराहिल मेमोरियल स्कुलको भूतपूर्व विद्यार्थीहरूको समूह राराहिल एलमुनाई एसोसियसन द्वारा गत माघ २ गतेदेखि संचालन गरिएको सातौं राः कप अन्तरस्कुल छात्र/छात्रा वास्केटवल प्रतियोगिता गत माघ ९ गते सोमवार सम्पन्न भएको छ । यस प्रतियागिताको छत्र इभेन्ट्समा जम्मा ९ वटा टिमले सहभागिता जनाइएको थियो । यी टिमलाई दुई समूहमा विभाजन गरिएको थियो । जस अन्तर्गत समूह क मा १.राराहिल मेमोरियल स्कुल क २.बर्नहर्ट उच्च मा.वि. ३ जनसेवा उच्च मा.वि. ४. हिलटाउन उच्च मा.वि. ५. रोजबर्ड स्कुल समूह ख मा १.राराहिल मेमोरियल स्कुल ख २.पुष्प सदन आवासिय स्कुल ३. न्यू जेनीथ स्कुल ४. क्रियटिभ एकेडेमी रहेका छन ।

त्यस्तै गरी छात्रा तर्फ चार वटा टिमको सहभागिता थियो । १.राराहिल मेमोरियल स्कुल क २. राराहिल मेमोरियल स्कुल ख ३.हिलटाउन उच्च मा.वि. ४.क्रियटिभ एकेडेमी रहेका छन।

यस प्रतियोगिता अन्तर्गत छात्र तर्फ समूह क का विजेता हिल टाउन उच्च मा.वि. र सकूह ख को उपविजेता पुष्पसदन आ.मा.वि. विच शनिवार सेमिफाइनल खेल भएको थियो भने समूह क को उपविजेता जनसेवा र समूह ख को विजेता न्यू जेनीथ टिम विच सेमिफाइनल खेल शनिवार नै सम्पन्न भएको थियो। पहिलो सेमिफाइनल खेलमा पुष्पसदनले ५७-३४ स्कोरले जीत हासिल गरी फाइनलमा पुगेको थियो भने अर्को सेमिफाइनलमा जनसेवाले ५७-५२ स्कोरले जीत हासिल गरेको थियो । त्यसैगरी फाइनल खेल पुष्पसदन आ.मा.वि. र जनसेवा उच्च मा.वि. विच सोमवार सम्पन्न भएको थियो । जसमा जसमा पुष्पसदन आवासीय मा.वि.ले ५१-४९ स्कोर ले जनसेवालाई हराई प्रथम हुन सफल भयो। छात्रा तर्फको खेल केवल चार टिमले मात्र सहभागिता जनाईएकोले सुपर लीग खेलाई समूह विजेतालाई प्रथम स्थानमा घोषित गरिएको थियो।

जस अन्तर्गत समूह विजेता भई राहिल मेमोरियल समूह क प्रथम र राराहिल मेमोरियल समूह ख दोस्रो भएका छन । फाइनल खेल पश्चात गत सोमवार नै विजेता र उपविजेता छात्र/छात्रा टिमलाई ट्रफी, मेडल र प्रमाण पत्र एक समारोहका बिच वितर ण गरिएको थियो । वास्केटबल आजभोलिको युवा वर्गमा निकै आकर्षण गरेको खेल हो ।

यस प्रतियोगिताले छात्र/छात्राहरूमा वास्केटवल खेल प्रति आकर्षण बढाउन सफल भएको छ भने नियमित रुपमा आयोजना गरिरहेकोले खेलाडिहरुमा यो प्रतियोगिताले गर्दा नियमित अभ्यास गर्ने हौसला बढेको छ।

यसपल्ट यो प्रतियोगिता सञ्चालन हुँदा बढीभन्दा स्कुलको जाडोको विदा भैरहेको कारण र सेण्ट अप टेस्ट परिक्षा सञ्चालन भैरहेकोले सहभागिताको संख्यामा कमि भएको देखिन्छ साथै कक्षा १० का खेलाडिहरुको उपस्थित नभएकोले पनि खेलस्तर कमि र हेको देखिन्छ ।

तसर्थ आयोजकले यस कुर ामा पनि ध्यान दिई आउँदा प्रतियोगिता सञ्चालन गरेमा अफ राम्रो हुनेछ।

'साबुन पानी हात सधैं साथ साथ'

हार्दिक श्रद्धाञ्जली

जन्मः
वि. सं. १९७६/०४/१३
(ने. सं. १०४०)

स्व. जोगमाया महर्जन

मृत्युः
वि. सं. २०६८/०९/ २७
(ने. सं. ११३२)

यस कीर्तिपुर यातायात सेवा कं.लि. का संचालक समितिका सदस्य श्री बाबुकृष्ण महर्जनका ममतामयी आमा जोगमाया महर्जनको आकस्मिक निधन भएकोमा गहिरो दुःख व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक शन्तप्त परिवार जनमाप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

कीर्तिपुर यातायात सेवा कं.लि.
नयाँबजार कीर्तिपुर, फोन नं. ४३३०७७४

नेपाल रेडक्रस सोसाइटी कीर्तिपुर उपशाखाको छैठौं वार्षिक साधानरण सभा

कीर्तिपुर सन्देश /

नेपाल रेडक्रस सोसाइती कीर्तिपुर उपशाखाको छठौं वार्षिक साधारण सभा हिजो माघ १० गते सम्पन्न भएको छ।

सो साधारणसभा उपशाखाका सभापति हर्षमान महर्जनको सभापतित्वमा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय उपमहामन्त्री सुदर्शन नेपालले प्रमुख अतिथिको आसनवाट पानासमा बत्तीबाली उद्घाटन गर्नु भएको थियो। उपशाखाका उपाध्यक्ष राजेन्द्र वानीयाँले स्वागत मन्तब्य दिनु भएको सो कार्यक्रममा कीर्तिपुरमा क्रियाशिल राजनीतिक दलका प्रतिनिधिहरू एकीकृत माओवादीका शम्भुराम महर्जन, नेपाली कांग्रेसका राजकुमार नकर्मी, एमालेका सुरेन्द्र मानन्धर र नेमकिपाका नारायण महर्जन, उपशाखाका सल्लाहकार आकर्षण प्रधानले पनि आ आफ्नो धारणा राख्नु भएको थियो । रिती भन्सारीले संचालन गरेको सो कार्यक्रममा रेडक्रस सोसाइतीका काठमाण्डौं जिल्लाका सभापति एवं केन्द्रीय सदस्य मुकुन्द बहादुर प्रधान, काठमाण्डौं जिल्ला शाखाका मन्त्री मथुराराम श्रेष्ठले पनि रेडक्रसको महत्वलाई लिएर आ आफ्नो धारणा राख्नु भएको थियो।

उक्त कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कीर्तिपुर उपशाखाका संस्थापक स्वर्गीय ज्ञानबहादुर महर्जनको योगदानको कदर गर्दै उहाँको योगदानको प्रशंसा गरेको थिए।

कीपू ट्रेडर्स

विशेष छुटका साथमा

हरेक इलेक्ट्रोनिक्स सामान एकै ठाउँमा
जुनसुकै पुराना टिभीसंग साटेर नयाँ LCD, LED TV लैजानुहोस र साथमा
आधुनिक ग्यास चुल्हाहरू र किचेन चिम्नी

प्रो. रविन्द्र महर्जन
टेलिफोन ४३३४५३९, ९८५१०९९६२०
ACE बैंकसंगै नयाँबजार, कीर्तिपुर

हार्दिक श्रद्धाञ्जली

जन्म
२००९ साल
असार

दिवंगत जयप्रकाश महर्जन

निधन
२०६८ पौष
२६ गते

हाम्रा परम श्रद्धेय ममतामयी प्रातःस्मरणीय पिता
श्री **जय प्रकाश महर्जन**को २०६८ पौष २६ गते
असामयिक दुःखद स्वर्गारोहण हुनु भएकोले
दिवंगत आत्माको चीरशान्तिको कामना गर्नुको साथै
भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै
उहाँको आत्माले स्वर्गमा बास पाउन भन्ने कामना गर्दछौं।

छोरी/ ज्वाई

अम्बिका महर्जन /शेखर डंगोल
अनीता महर्जन /विकास महर्जन
सुनीता महर्जन /राजेश महर्जन
अमीना महर्जन

नातिहरू :–

विवेक महर्जन
अभिषेक डंगोल
अविनव महर्जन
अविरल डंगोल

हार्दिक श्रद्धाञ्जाली

जन्म मिति : ने.स. १०४४ जेष्ठ ५ आइतबार (वि.स १९८० जेष्ठ ५)
स्वर्गारोहण ने.स. ११३२ माघ १ गते आइतबार (वि.स २०६८ माघ १ गते)

यस सहकारी संस्थाका सदस्य श्री भरत श्रेष्ठका पूज्यनीय पिता **बेखलाल श्रेष्ठ**को ८८ बर्षको उमेरमा असमायिक निधन भएकोले दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि.
कीर्तिपुर सहकारी पसल
तगःवपी, नयाँबजार(१७, कीर्तिपुर
फोन ४३३०६०९/४३३५५५१ www.kirtipurcoop.com.np

कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि.को एघारौं बार्षिक साधारण सभा सम्बन्धी सूचना

सदस्य महानुभावहरू,

यस सहकारी संस्थाको सञ्चालक समितिको मिति २०६८/०९/२६ मा बसेको बैठकको निर्णयानुसार यस सहकारी संस्थाको एघारौं बार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएकोले शेयर सदस्य महानुभावहरूलाई उपस्थितिका लागि अनुरोध गर्दछौं ।

सभा बस्ने
मिति : २०६८ माघ २१ गते शनिवार
समय : बिहान १०:०० बजे
स्थान : चागुँनारायण, भक्तपुर

पुनश्च : चागुँनारायण, भक्तपुर जान नगाउँ दोवाटोबाटोबाट बिहान ठिक ८.०० बजे बस छुट्ने भएकोले निर्धारित समयमै उपस्थित भई दिनुहुन सम्पूर्ण शेयर सदस्य महानुभावहरूलाई अनुरोध गरिन्छ ।

सचिव
कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि.
तगःवपी, नयाँबजार–१७, कीर्तिपुर, फोन नं. ४३३०६०९, ४३३५५५१

कीर्तिपुर उच्च शिक्षा प्रोत्साहन पुरस्कार सम्बन्धी सूचना

कीर्तिपुर नगरपालिका भित्रका विद्यार्थीहरूलाई अध्ययनशील बनाई उच्च शिक्षा तहमा विशिष्ट श्रेणीमा उत्तीर्ण गराई राष्ट्रिय व्यक्तित्वको तहमा पुग्न सक्षम बनाउन मानविकी, विज्ञान, व्यवस्थापन र शिक्षा संकायबाट १० जोड २ वा सोसरहको तहमा अध्ययन गरी कीर्तिपुर न.पा. मा स्थायी बसोबास गर्दै आएका विद्याथीहरू मध्येमा २०६६-२०६८ ब्याचमा सर्वोत्कृष्ट नतिजा ल्याउन सफल प्रत्येक संकायका प्रथम र द्वितीय विद्यार्थीहरूलाई यस कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि.ले प्रोत्साहन स्वरुप नगद पुरस्कार तथा सम्मान पत्र प्रदान गर्ने भएकोले सम्बन्धित विद्यार्थी वर्गले आफ्नो शैक्षिक प्रमाणपत्रहरूको प्रतिलिपिसहित यहि आउँदो मिति २०६८ माघ १५ गतेभित्र यस सहकारी संस्थाको कार्यालयमा निवेदन दिनको लागि सूचित गरिन्छ। उक्त म्यादभित्र दर्ता नभएका तथा हुलाक मार्फत आएका निवेदनहरूलाई मान्यता दिइने छैन । पुरस्कार सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार पुरस्कार व्यवस्थापन समितिमा निहित रहने छ ।

आवश्यक संलग्न कागजपत्रहरू :
१) कक्षा ११ र १२ वा सोसरहको ट्रान्सक्रिप्ट तथा सर्टिफिकेटको प्रतिलिपि ।
२) अध्ययनरत विद्यार्थीको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ।
३) अध्ययनरत विद्यार्थी र अभिभावकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
४) कीर्तिपुरमा घटिमा ५ बर्ष अगाडिदेखि स्थायी बसोबास गर्दै आएको खुल्ने कागजपत्र ।
५) हालसालै खिचेको पासपोर्ट साईजको फोटो २ प्रति ।
६) एस.एल.सी मार्कसिट तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ।
७) निवेदनसाथ अनिवार्य सक्कल कागजात साथमा लिई आउनु पर्नेछ ।

कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि.
कीर्तिपुर(१७, नयाँबजार

हार्दिक श्रद्धाञ्जाली

स्व. जोगमाया महर्जन
जन्मः
वि. सं. १९७६/०४/१३
(ने. सं. १०४०)

मृत्युः
वि. सं. २०६८/०९/ २७
(ने. सं. ११३२)

हाम्रा पारिवारिक समूहका आत्मिय मित्र बाबुकृष्ण महर्जनका पुजनीय आमा, गंगा महर्जनकी पुजनीय सासु **जोगमाया महर्जन**को आकस्मिक निधन भएकोमा गहिरो दुःख व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । सार्थ यस दुःखद घडिमा दिवंगत आत्मको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

साथीहरू

१.डा.श्रीकृष्ण श्रेष्ठ ' सुमित्रा श्रेष्ठ
२.हरिशरण महर्जनं जगतमाया महर्जन
३.मदन वहादुर महर्जन ' कमला महर्जन
४.बालकृष्ण महर्जन ' प्रमिला महर्जन
५.कविर महर्जन ' शान्ती महर्जन
६.जितेन्द्र महर्जन 'केशरी महर्जन
७.बुद्धि वहादुर मालीपार्वती माली
८. दिलावत महर्जन ' हिरानिना महर्जन
९.अशोक मुनी बज्राचार्य ' अणु बज्राचार्य
१०.राम महर्जन ' जयन्ती महर्जन
११. लक्ष्मी बहादुर महर्जन ' उरु महर्जन
१२. अशोक महर्जन ' रत्न माया महर्जन

मुल्य बृद्धिको विरोधमा कांग्रेस कीर्तिपुरद्वारा विरोध र्‍याली

कीर्तिपर सन्देश /

गत साता प्रधानमन्त्री डा. बाबुराम भट्टराईको सरकारले जनताको ढाड सेक्ने गरी गरिएको पेट्रोलियम पदार्थको मुल्य बृद्धि विरुद्ध नेपाली कांग्रेस कीर्तिपुरले गत माघ ८ गते विरोध र्‍यालीको आयोजना गरियो।

गणतान्त्रिक चोक कीर्तिपुरबाट शुरु गरिएको उक्त विरोध र्‍याली कीर्तिपुरको नयाँबजार क्षेत्र परिक्रमा गरि पाँगा दोबाटोमा कोण सभामा परिणत भएको थियो। सरकारको महंगी विरुद्ध विद्यार्थी संगठनहरूले बाहेक अरू कुनै पार्टीले विरोध र्‍याली या सभा नगरिरहेको अवस्थामा कीर्तिपुरमा नेपाली कांग्रेसले विरोधको र्‍याली निकालिएको थियो। उक्त र्‍यालीमा नेपाली कांग्रेसका नेता तथा कार्यकर्ताहरूले बढ्दो महंगी नियन्त्रण गर, भ्रष्ट सरकार राजीनामा दे, कथित जनसताको निर्णय मान्दैनौं, लोडसेडिंग अन्त्य गर जस्ता नारा लगाइएका थिए। उक्त र्‍यालीपछि पाँगा दोबाटोमा भएको कोणसभामा नेपाली कांग्रेस १० नं क्षेत्रिय सभापति राजकुमार नकर्मिले बोल्नु भएको थियो।

उहाँले हरेक कुरामा नम्बर एक हुन सफल वर्तमान प्रधानमन्त्री नेपालको इतिहासमा अहिलेसम्मकै जम्बो मन्त्रीमण्डल बनाएर एक नम्बरमा पुग्न सफल हुनु भएको छ भने जनताले ठेग्ने नसक्ने गरि पेट्रोलियम पदार्थमा भाउ बढाएर जनताको ढाड सेक्न पनि एक नम्बर मा पुग्न सफल भएको छ। जलस्रोतको धनी देश नेपालमा लोडसेडिंग बढाएर रिकर्ड राख्न खोज्दैछ। निकट भविष्यमै २४ घण्टामा १८ घण्टा लोडसेडिंग हुने लाजै पचाएर जानकारी दिइरहेका छन।

उहाँले भन्नुभयो –कथित जनयुद्धको बेला गठित जनसताले गरिएका निर्णयहरूलाई वैधानिकता दिन यो सरकारले प्रयास गरिरहेको छ जुन नेपाली कांग्रेसले कदापि हुन दिने छैन। यसले देशमा अराजकता र दण्डहिनता लाई प्रसय दिनेछ।

नीलः सांस्कृतिक पुचःको सराहनीय काम

नेवाः सांस्कृतिक बाजाको संरक्षण र सम्वर्द्धन गर्नको लागि विगत ५ वर्षदेखि निरन्तर संचालन भै आइरहेको नीलः सांस्कृतिक पुचः कीर्तिपुरमा मात्र सिमीत नरही हाल उपत्यका बाहिर डुम्रे र बन्दीपुरमा पनि नेवार परम्परागत बाजा धिमे बाजाको प्रशिक्षण सूरु गरिएको छ। उक्त धिमे बाजाको प्रशिक्षण संस्थाका सल्लाहकार सूर्य नारायण महर्जनले दिइरहनु भएको छ। डुम्रेमा २५ जना र बन्दीपुरमा २५ जना प्रशिक्षार्थीहरूले प्रशिक्षण लिइरहनु भएको छ।

स्मरणीय छ नीलः सांस्कृतिक पुचःले कीर्तिपुरको देउला समाजमा पनि धिमे बाजा, बांसुरी, खिँ, मादलको प्रशिक्षण उज्ज्वल महर्जन, अनुप महर्जन र तेजमान बज्राचार्यले दिइरहनु भएको छ। जहाँ ३८ जना प्रशिक्षार्थीहरूले प्रशिक्षण लिइरहनु भएको छ। नीलः सांस्कृतिक पुचःले हालसम्म १२२ ठाउँमा आफ्नो कार्यक्रम प्रस्तुत गरिसकेको छ।

थुनुवाको डायरी–२८-



२०६७/०७/२१ आइतवार बतीस दिन

हिजो राती यहाँ भित्र पनि देउसी भैलो खेलेको रहेछ। प्रत्येक नम्बरमा खेल्दै हाम्रो नम्बरमा पनि आइपुग्यो। भाइ नाईकेहरूले मलाई उठायो। देउसी खेल्न आउनेहरूले त मेरो नाम लिएरै भट्याइरहेको थियो। मैले घडि हेरें। रातको १.३० भैसकेको रहेछ। मैले ५५ रुपैया राखिदिएँ। अनि बल्ल उनीहरू गए। त्यसपछि त राती २ बजेसम्म निद्रानै लागेन।

आज विहान निद्रा खुल्दा ६.३० बजि सकेछ। बाहिर गएर मुख धोएर आएँ। चिया पिएर ओमशान्तिमा गएँ। आज भाइटिकाको दिन ओमशान्तिको ठमेल केन्द्रबाट ब्रम्हकुमारीहरूले भाइटिका लगाउन आउने जानकारी दियो। आज नेवारहरूको म्हपुजा अरूहरूको भाइपुजाको दिन। आज मैले सफा सुग्घर हुनु पर्छ। सैलूनमा दाह्री काटुं भनेर गएको हूल रहेछ। अनि आफ्नै रेजरले दाह्री जुंगा काटें। आज १०.१५ बजेनै खाना खान गएँ। खाना खाएर कोठामा बसेर उपन्यास लेखिरहेको थिएँ। ओमशान्तिमा ब्रम्हकुमारीहरू आइसकेको र 'ओमशान्तिमा सहभागी साथीहरू ओमशान्ति मा गइदिनुहोला' भनेर माईकबाट सुचना दियो। हत्तपत्त लुगा फेरेर ओमशान्तिमा गएँ। सर्वप्रथम दिपावलीको शुभकामना आदान प्रदान भयो। भाइटिकाको महत्व बारे एकजना बहनजीले प्रवचन दिनुभयो। त्यसपछि टिका लगाएर माला लगाई दिनुभयो। फोटोग्राफर बोलाएर फोटो खिच्न लगाएँ। आज भाइटिकाको दिन। दसैंमाजस्तै बाहिर चउरमा राखेर टिका लगाउन दिएको छ। दिदी वहिनी हुनेहरू टिका लगाउन आइरहेका छन। १२ बजेदेखि मेरो प्रतिक्षाको घडि सुरु भयो। माईकबाट मेरो नाम बोलाउँछ कि भनेर अस्पतालको आँगनमा बसेर साथीहरूसँग गफ गरिरहें। दिनेश बस्नेत पनि मजस्तै छटपटाइ रहेको छ। उसको छोराहरू आउँछु भनेको थियो आएन भनेर दुखेसो पोख्यो।

१ बज्यो तैपनि हाम्रो नाम बोलाएन। एकछिन पछि थाहा पाएँ आज केटाहरूलाई भेटघाटमा पठाएको छैन। महिलाहरूलाई मात्र भेटघाटमा पठाएको छ। यो सुनेर दिनेश आफ्नो बाटो लाग्यो। मेरो त श्रीमती आउँछु भनेकी थिइन। छोरालाई नपठाएपनि श्रीमतीलाई त पठाउँछ होला भनेर मेरो नामको बोलाहट हुने प्रतिक्षामा थिएँ। म डाँडामा गएर चुरोट पिइरहेको थिएँ। बाह्रबिसेका नर वहादुर दाइ माला लगाएर आउनु भयो। उहाँसँग गफ भयो। उहाँको दिदी आउनु भएको रहेछ। उहाँको बहिनी पनि लाइनमा छिन। बाहिर लाइन चाइना मार्केटसम्म छ त्यसैले आउन अलि ढिला हुन्छ भन्यो। एकछिन पछि नै उहाँको नाम बोलाइयो। उहाँ बहिनी आइ होली भनेर ढोकामा जानुभयो। मलाई साह्रै नरमाइलो लाग्यो। भोक पनि लागेको जस्तो भयो। आज घर बाट तरकारी पठाएन भने के खाजा खाने ? होटलमा के पकाएको छ हेर्न गएँ। मिठाई र दही बाहेक केही पनि छैन। बिना चीनीको एक कप चिया पिएँ। त्यहीबेला राजकुमार आयो। उसले मलाई भन्यो, "बुवा तपाईंको छोरा आउनु भएको थियो। यता नपठाएर मेरो श्रीमतीलाई टिफिन क्यारियर दिएर पठाउनु भएको छ। भान्साको दराजमा राखेको छु लिन जानुहोला।'

मेरो प्रतिक्षाको घडि समाप्त भयो। श्रीमती, छोरा र म बाहिर सँगै बसेर केही खाने मेरो इच्छा र आकांक्षा बालुवामा बनाएको घर झैं भताभुंग भयो। कतिजना निधार मा सप्तरंगी टिका लगाएर फूलको माला पहिरिएर हिंडिरहेका छन। कति जनाको निधार खाली नै छ। नेवारहरूले भोलि भाइटिका मनाउने। मलाई भाइटिका लगाउन को आउँछ होला ? ठूली दिदी हेटौंडामा हुनुहुन्छ। उहाँ आउनु हुन्न। माइली दिदी विधवा। उहाँ आउनु हुन्न होला। आए उही बहिनी कमला आउली। घरबाट पठाएको भोज साथीहरूसँग बाँडेर खाएँ। मजा आयो दिन बित्यो।

२०६७/०७/२२ सोमवार तैंतीस दिन

आज विहान ४ बजे मेरो निद्रा खुल्यो। कोठामा चारैतिर हेरें। सबैजना मस्त निद्रामा छन। कोही किरर किरर दाँत बजाइ रहेका छन। कोही घुर्रर्र-घुर्रर्र घुरिरहेका छन। भन्न त साथीहरूले म पनि घुर्छु भन्छन तर आफू घुरेको आफूलाई थाहा नै हुँदैन। किनभने निद्रा नलागेसम्म घुर्दैन, निद्रा लागेपछि थाहा नै हुँदैन। म बाहिर गएँ। नित्यकर्म गरें। मानिसहरू फात्तफुत्त उठेर आइरहेका छन। नम्बर नखुलेसम्म आवाज निकाल्नु हुँदैन। मलाई चुरोटको तल तल लाग्यो। डाँडामा गएर चुरोट पिउन लागें। सेन्टरीमा बसिरहेकाहरू छिन छिनमा 'अय खवरदार, अय खवर दार' भनेर कराइरहेका छन। रातको पालो बस्नेहरू पर्खालको मुनि मुनि घुमिरहेका छन। मन्दिर मा पुजारी मन्त्रोच्चारण गरिरहनु भएको छ। छिन छिनमा भाले कुखुरा 'कुकुल्यां कूं' गर्दैछन्। सफाईकर्मिहरू सफा गर्न आए। म कोठामा आएर केही लेखुं भन्ने सोचेको थिएँ। बत्तीको प्रकाश पुग्दैन। कोठामा एउटा पनि ट्युबलाईट बलेको छैन। लक्ष्मीपूजाको दिनदेखि बालिराखेको साना साना बल्वहरू झिलिप्प-झिलिप्प बलिरहेका छन। त्यसको प्रकाशमा अक्षर लेख्न सक्दैन। त्यसैले ज्याकेट लगाएरै सिरकभित्र घुसें।

पछि मेरो आँखा खुल्दा विहानको ६ बजिसकेको रहेछ। बाहिर गएर नित्यकर्म गरी चिया खान गएँ। ओमशान्तिमा जाँदा अबेर भैसकेको रहेछ। आज सुदीप भाइजीले राजयोग को कोर्स गराउनु भयो। ओमशान्तिबाट आएर डायरी लेख्न थालें। कार्तिक २५ गते पुनरावेदनमा मेरो पेशी हुँदैछ। वकिल मदन रेग्मी र छोराले म धरौटीमा छुट्न सक्छ भनेका थिए। त्यसबेलादेखि मेरो मन गोलमाल हुन थालेको छ। यहाँ धेरैजनाले पुनरावेदनले जिल्लाको फैसलालाई नै सदर गर्छ भन्छन्। कोही कोहीले मात्र धरौटीमा छुट्न सक्छ भन्छन्। के हुने हो त्यो भविष्यले बताउने छ। ठीक समयमा खाना खाएर कोठामा आइ एकछिन सुतें। नजरराम महर्जन भनेर माइक बाट तीनचोटि मेरो नाम बोलायो। को आएको होला भनेर ढोकामा गएको त बाबुराम दाइ आउनु भएको रहेछ। उहाँलाई देखेर मन हर्षित भयो। उहाँसँग भेटघाट गरें। 'काम भएर काठमाडौं आएको थिएँ। तपाईंलाई एकचोटि भेटेर जाउँ भनेर आएको। परिबन्दले गर्दा यहाँ आउनु पऱ्यो। मन दह्रो बना–उनुस। पुनरावेदनबाट बाहिर आउन पाउनु हुनेछ।' बाबुराम दाइले भन्नुभयो। उहाँसँग निकैबेर कुराकानी भयो। उहाँले एक झोला केरा ल्याउनु भएको थियो। मैले केरा खानु हुँदैन। अरूलाई ख्वाउन किन लिने भनेर फिर्ता पठाई दिएँ।

बाबुराम दाइलाई भेटेर आएपछि होटलमा गएर एक कप चिया पिएँ। घडि हेरें। १.३० बजिसकेको छ। आज नेवारहरूको भाइटिकाको दिन हो। अरूहरूको हिजो भाइटिका मनाइसकेका छन्। हिजो मलाई भाइटिका गर्न कोही पनि आउनु भएन। आज पनि खोइ कोही पनि आउनु भएको छैन। मलाई साह्रै नियास्रो लाग्यो। म कोठामा आउँदा बाटोमा नर बहादुर दाइ भेट भयो। मेरो निधार खाली देखेर उहाँले सोध्नुभयो, 'भेटघाट आएको होइन ?' उहाँको प्रश्नको आसय बुझेर भनें, 'साह्रदाइ आउनु भएको।' यति भनि म कोठामा आएँ। मेरो मन गोलमाल भयो। बहिनी आउँछिन कि आउँदिनन्। उनी नआएपनि छोरा आउनु पर्ने। आज कोही पनि आएन भने यहाँ मेरो इज्जत रहँदैन। साथीहरूको अगाडि के मुख देखाउने ? सबैजना भइकन पनि कोही नभएको जस्तो हुनेछ। यतिकैमा माइकबाट मेरो नाम बोलायो। मेरो मन ढुक्क भयो। अहिले त पक्का पनि छोरा या दिदी बहिनी कोही आएका हुनुपर्छ भनेर म ढोकामा गएँ। साँच्चीकै माहिली दिदी र बहिनी अनि भान्जा सुनिल आएका रहेछन। उनीहरू तीनैजनालाई स्टाफ भेटघाट गर्ने ठाउँमा पठायो। मलाई पनि एउटा कार्ड भिडाएर बाहिर पठायो। एकछिन पछि भान्जा दिलेश पनि आइपुग्यो।

मेरो बायाँ दिदी र दायाँ बहिनी बसिन। पूजा सामान मिलाउन लागे। दिदी र बहिनीले नेवार परम्परा अनुसार भाइटिका गर्नुभयो। पूजा पछि खानपिन गर्दै हामी गफ गर्न लाग्यौं।

'अस्ति हनुमान ढोकामा भन्दा यहाँ मोटोघाटो र गोरो देखिन्छ।' दिदीले भन्नुभयो। 'त्यहाँ र यहाँ स्वर्ग र नर्क जस्तै फरक छ। त्यहाँ सुत्नै पाउँदैनथ्यो। उडुसको डुंगरमा बस्नुपर्थ्यो। यहाँ त्यस्तो छैन।' मैले भनें। 'तिमी जेल परेर चिन्ताले म कति रात सुतिन। म विरामी नै भएँ। सुनिलले हनुमान ढोकामा भेटाउन लगेपछि बल्ल मन राखें। जे भएपनि पीर नलिनु। तिमीलाई झूठो आरोप लगाएको छ भन्ने हामीलाई विश्वास छ।' 'तपाईंलाई तपाईंकै पार्टीका साथीहरूले फसाएको भन्ने हल्ला छ। तपाईंलाई पार्टीका साथीहरूले भेट्न आएका छन ?' बहिनीले सोधिन। 'त्यो त होइन होला। पार्टीगत रुपमा नआएपनि व्यक्तिगत रुपमा साथीहरू आउनु भएको छ।बारा, पर्सा मकवानपुर र रौतहटका साथीहरू समेत आइरहनु भएको छ।' मैले भनें। यस्तै गफ गर्दै सबैजनाले सँगै बसेर केही खाएर बल्ल हामी छुट्टिएर आयौं। *क्रमश .....*

हैन त ? —भरत

अझै लास बुझेनन्

घटना झन झन रहस्यमय

कीर्तिपुर सन्देश/

गत माघ २ गते कीर्तिपुरको धल्पामा रहस्यमय निधन भएकी रञ्जना न्यौपानेको लास हिजो मंगलवार माघ १० गते सम्म पनि आफन्तहरूले बुझेका छैनन्। रहस्यमय निधन भएकी न्यौपानेकी बुबा केशव पौडेलले कीर्तिपुर सन्देश साप्ताहिकसंग कुरा गर्दै आफ्नो छोरीको हत्या नै भएको आशंकामा घटनाको सत्य तथ्य हालसम्म नआएको थप अनुसन्धानका लागि सो लास नबुझेको जानकारी दिनु भएको छ। हाल उक्त घटना भएको घरका परिवार (मृतकका लोग्ने, सासु र आमाजु) प्रहरी हिरासतमा छन् भने उक्त घरमा ताला लगाई प्रहरीले निगरानी राखेको छ। अभियुक्तहरूलाई अदालती कारवाहीका लागि म्याद थप गरिएको थाहा भएको छ। घटना भएको एक हप्ता भन्दा पनि बढि भइसकेको अवस्थामा पनि लास टिचिङ अस्पताल महाराजगञ्जमा नै राखिएको अवस्थाका कारण घटना झन झन रहस्यम बन्दै गएको स्थानीयवासीले अनुमान गर्न थालेका छन्।

भूकम्प र कुर्चीबाट बचाऊ

ब्यंग सन्देश

शरद कुमार महर्जन

कहिले आउँछ थाहा छैन, नआउ भन्दैमा नआउने पनि हैन, कहिले ठूलो धनजनको क्षति हुने गरी आउने गर्दछ त कहिले क्षतिविहिन भएर आउँछ अनि जान्छ, त्यो हो भूकम्प। भू-भनेको जमिन र कम्प- भनेको हल्लिनु हो। भूकम्पिय दृष्टिकोणले नेपाल पनि जोखिमपूर्ण छ, अझ काठमाडौं त भूकम्पिय दृष्टिकोणले अति संवेदनशील क्षेत्रभित्र पर्दछ। वि.सं. १९९० साल माघ २ गते आएको महाभूकम्पले नेपालको ठूलो मात्रामा धनजन, ऐतिहासिक, धार्मिक, पर्यटकिय स्थलहरूको जुन क्षति भयो। त्यसैको सम्झनामा प्रत्येक वर्ष नेपालमा माघ २ गते भूकम्प दिवस मनाउने गरेको छ। अब काठमाडौंमा महाभूकम्प आउने हो भने लाखौं लाख मानिसको अवसान हुने छ र काठमाडौं गल्ली शहरहरू मसानघाट हुनेछ। बन्दै गरेको गगनचुम्बी भवनहरूको कारण त्यस्ले चर्चेका ठाउँमा अति जोखिमपूर्ण रहने छ। तर हाम्रा प्रधानमन्त्री रमाइलो मानी मानी साँच्चै महाभूकम्प आयो भने कसरी बच्ने हो भनेर प्रशिक्षण लिँदै हुनुहुन्छ। आफू बाँचे पनि अरुलाई बचाउन सक्नेछ। आफू नै नरहे कहाँ अरुको उद्धार गर्न सकिनेछ ? प्रधानमन्त्री भइरहन पाउँछ ? त्यसैले हे प्रभु बचाऊ भन्दै दैवसँग गुहार माग्दैछ।

हुन त भूकम्प बारे अझ चेतना छर्न बाकी नै छ। हाम्रो पृथ्वी शेष नागको टाउको रहेको छ र नागले टाउको हल्लाउँदा भूकम्प आउने, हाम्रो पृथ्वी हनुमानले काँधमा राखी बोकी राखेको छ र काँध फेर्दाखेरि भूकम्प आउने भ्रमहरू बाकि नै छ। अथवा भूकम्पबाट बच्नको लागि के देवी देवताको पुजाआजा र भाकल पूरा गर्दैमा भूकम्प नआउने हो त ? वर्षको एकपटक भूकम्प दिवस मनाउँछन। केही देशीविदेशी बजेट सक्याउँछन र रमाई रमाई भूकम्पको नाउँमा हटड्रिंक्स र कोल्डड्रिंक्स खान्छन। भूकम्प दिवसको जुलुस र नारा लगाउँछन्। भूकम्प दिवस सकिन्छ।

भूकम्प के हो ? भूकम्प आउँदा अपनाउनु पर्ने सतर्कता, सुरक्षाको दृष्टिकोणले खतरा रहेको स्थल पहिचान, खुल्ला क्षेत्रको अनिवार्यता, भूकम्पिय दृष्टिकोणले भवन बनाउँदा अपनाउनु पर्ने आचार संहिताको पालना गराउने, हरेक टोलबस्तीमा भूकम्पिय दृष्टिकोणले राख्नु पर्ने सावधानी र सामाग्रीहरूको बन्दोवस्त विना भूकम्प दिवसको औचित्य के ?

हुन त कहिले आउने थाहा नभएको भौगोलिक भूकम्प भन्दा, अहिले आउन सक्ने राजनीतिक भूकम्पलाई वेवास्ता गर्न पनि मिल्दैन। सरकार नै ढलाउने, प्रधानमन्त्रीको कूर्ची हल्लाउने गरी आउने राजनीतिक भूकम्पलाई कम अंकित गर्न कहाँ मिल्छ र ? यहाँ त आफ्नै पार्टीका कमरेडहरु नै सरकार ढलाउन, प्रधानमन्त्रीको कूर्ची हल्लाउन बढी माहिर छन। अरुले सरकार हल्लाउने त छँदैछ तर एउटै पार्टीमा बसेर, आफ्नै नजिक बसेर, नजानिंदो पाराले प्रधानमन्त्रीको कूर्ची हल्लाउनेहरुले आजसम्मको सरकार ढलाएका छन। विपक्षले सरकारमा भूकम्प ल्याउने धर्म नै हो।अरुले कूर्ची हल्लाउँदै प्रधानमन्त्री फेर्ने स्वाभाविक भएपनि, आफ्नै पार्टीका कमरेडहरु पनि सरकार गिराउन भूकम्प ल्याउने नेपालमा भने नौलो पक्कै होइन। २०४८ सालको आम निर्वाचनबाट नेपाली कांग्रेसले बहुमत ल्याइ गिरिजाले प्रधानमन्त्री चलाउँदा शेरवहादुरले भूकम्प ल्याई सरकार गिराएकै थियो। गणतन्त्रको दोस्रो प्रधानमन्त्री माधव नेपाललाई पनि अध्यक्ष झलनाथ खनालले भूकम्प ल्याई सरकारबाट पछि हट्न बाध्य पारेकै थियो। माधव नेपाल पनि केकम झलनाथ खनालको सरकार पनि हल्लाएकै थियो। अब गणतन्त्र नेपालको चौथो प्रधानमन्त्रीको कूर्ची हल्लाउन र भूकम्प ल्याउन बैद्य तम्तयारै छ। आखिर भूकम्प कहाँ आउँदैन र जलमा, थलमा, राजनीतिमा, आर्थिकमा, सामाजिकमा, सांस्कृतिकमा मनमा।

भूकम्प जहाँ आए पनि विनास नआउने हुनु जरुरी छ। भूकम्प जहाँ आए पनि त्यसबाट पाठ सिक्दै क्षति न्युनिकरण गर्न जान्नु पर्दछ। भूकम्प आउँछ भनेर डराएर बस्नु मूर्ख हुनेछ भने भूकम्पिय जोखिम न्यूनिकरण नगरी बस्नु झन महामूर्ख हुनेछ। र वर्षमा एकपटक भूकम्प दिवस मानेर भूकम्प आउँदा आफ्नै घर, टोल, समाज शहर विनास भएको हेर्नु पऱ्यो भने त्यो झन पटमूर्ख हुनेछ।

खुल्ला क्षेत्रमा नै भवन बनाउनु पर्ने, त्यो पनि भूकम्प आउँदा उपचार गर्ने अस्पताल, जहाँ अस्पताल आफै जोखिममा परेको छ त, उसकहाँ लगेर कसले उपचार गर्छ ? जहाँ खुल्ला क्षेत्र र त्यो नै अन्तिम भगवान र उपचार क्षेत्र पनि हुनसक्छ। आखिर 'आफू खाउँ, आफै लाउँ, मोजमस्ती आफै गरुं, अरु मरुण दुर्वलहरु' भन्ने उखान टुक्कालाई शिरोधार गरी चल्ने आजको व्यक्तिवादी चलन, राजनीतिक परि पार्टी, कमिशनको माहौल, दलाल नोकरशाही मानसिकताबाट मुक्त नभएसम्म भूकम्पबाट कोही बच्नेवाला छैन।

हाम्रो लागि हाम्रो पत्रिका
कीर्तिपुर सन्देश
साप्ताहिक

बुकिङ्ग खुल्यो

बाघ भैरव बचत तथा ऋण सहकारी संस्था लि.द्वारा संचालित कीर्तिपुर भेगमा नै सुविधा सम्पन्न दुई वटा हल सहित १५०० जना क्षमताको पार्टी प्यालेस- 'बाघ भैरब वैक्विट' संचालित भएको सहर्ष जानकारी गर्दछौं।

हामीकहाँ विवाह, ब्रतबन्ध, जंकु (भिमरथारोहण) आदिको पार्टी तथा भोज गर्न, विभिन्न संघ संस्थाहरूको - सभा, सम्मेलन, प्रदर्शनी तथा सेमिनार, गोष्ठी गर्न बुकिङ्ग खुल्ला गरिएको छ।

विशेषताहरू :– खुल्ला रमणीय स्थल, यथेष्ट पार्किङ्गको व्यवस्था, सुविधा सम्पन्न दुईवटा हल, DJ हलको छुट्टै व्यवस्था भएको, जेनेरेटरको सुविधा,

बाघ भैरव बैक्विट (पार्टी प्यालेस)

नगाउँ, बालकुमारी मन्दिर सँगै फोन नं. ४३३०२३६, ९८५१०६२३७४, ९८४१३०२२०३, ९८५१०७२०७२, ९८४१३४३५३७

सुहाना क्याटरिङ सर्भिस

ट्याङ्ला, कीर्तिपुर

नोटः विवाह, ब्रतबन्ध, पिकनिक, सेमिनारका साथै विशेष अवसरमा हामीलाई सम्झनुहोस् ।

Buffet Dinners Luncheons, B.B.Q.S etc

Sudarsan Karki
(Mobile 9841461573, 9803910869, 4334477

कीर्तिपुर सन्देश साप्ताहिकको समाचारका साथसाथै तपाईको विज्ञापन, सुचनादेखि प्रत्येक कुरा संसारको जुनसुकै स्थानवाट पनि हेर्न सक्नु हुनेछ।



'कीर्तिपुरका हरेक विषय, तपाईको विज्ञापन, सुचना, सन्देश विश्वभरी पुऱ्याउने हाम्रो अभियानमा सहभागी बनौं'

कीर्तिपुर सन्देश साप्ताहिक 'अनलाईन कीर्तिपुर डट कम'मा हेर्न सक्नुहुनेछ। (online kirtipur . com)

कीर्तिपुरको चित्रण **कीर्तिपुर सन्देश** साप्ताहिक